आज मिति २०७८ चैत्र ६ गते आइतबार का दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ८८ औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख वहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

## अन्य उपस्थिति

१. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख शिक्षा तथा खेलकुद विकास शाखा
२. डिपलाल खोरठ. अधिकृत आठौं तह प्रशासन तथा योजना शाखा
३. शिव सापकोटा अधिकृत ६ठौं तह आर्थिक विकास शाखा
४. कृष्ण हरी सापकोटा सूचना प्रविधि अधिकृत. सूचना शाखा
५. टिकाराम बस्तोला, इन्जिनियर पूर्वाधार शाखा
६. विनोद अर्याल लेखा अधिकृत आर्थिक प्रशासन शाखा
७. भुपाल लामिछाने. स्वकीय सचिव. (नगर प्रमुख)
८. राम कुमार सिंह. जन स्वा. अधिकृत. स्वास्थ्य शाखा

# मिति २०७८।१२।१६ गतेको ८८ औं नगर कार्यपालिकाको बैठकमा छलफलका लागि पेश भएका विषयहरु

१, गत कार्यपालिकाको निर्णयको समीक्षा सम्वन्धमा ।

२, योजना तथा कार्यक्रमहरुको रकम रकमान्तर सम्वन्धमा ।

(क) वडा नं. १७ को सि.नं. ५१९ किशोरी शसक्तिकरण कार्यक्रम रु १ लाख ५० हजार, सिनं. ५४६ को छिपेनी गुठी ग्रांडी सिंचाइको रु, ३ लाख समेत जम्मा रु, ४ लाख ५० हजार रुपैया वरचुली मा.वि.को वस खरिदका लागि रकमान्तर गर्ने ।

(ख) वडा नं. १७ को सि.नं. ५२२ को महिला हिंसा तथा वाल विवाह सचेतना कार्यक्रमको रु,१ लाख, सि.नं. ५१८ को आमा समुह कुशन कार्पेट वितरणमा थपगरी रु, २ लाख कायम गर्ने सम्वन्धमा ।

(ग) वडा नं. ८ को सि.नं. ३४० टोक्रे नहर २ ममर्तका लागि विनियोजन रकम रु, ५० हजार सि.नं. ३२७ को कृषिमा अनुदान स्वरुप हाते टेक्टरको रु, १ लाख र भूत पोखरी पार्क निर्माणको रु, ५० हजार समेत जम्मा रु, २ लाख प्र. म. रोजगार कार्यक्रममा समपुरक गर्ने सम्वन्धमा ।

(घ) वडा नं. १३ को कवडहल निर्माणका लागि विनियोजित रकम रु, २ लाखबाट खेलकुद ग्राउण्ड व्याडम्याण्टिन कोड निर्माण गर्ने सम्वन्धमा ।

(ङ) वडा नं. १३ को विपद व्यवस्थापनकोषबाट विभिन्न शीर्षकमा रकमान्तर गर्ने सम्वन्धमा ।

(च) वडा नं. ३ को सि.नं. १९२ डीप वोरिङ निर्माण कार्यका लागि विनियोजित रकम रु, २५ लाख रुपैया रकमान्तर गरी डीपटयूववेल वरिपरि साइड वाल २ लाख,बौलाहा खोला तटवन्ध १३ लाख,वडा भित्रको विभिन्न सडक कालोपत्रे मर्मत ७ लाख, प्रथमिक स्वास्थ्यकेन्द्र मार्ग स्तरोन्नती ३ लाख रकमान्तर गरी योजना संचालनका लागि अनुमती दिने ।

(छ) वडा नं. १५ को नवौं नगरसभाबाट विनियोजित पशुपति रिङरोडको अधुरो कार्य निर्माणको विनियोजित रु, १० लाखबाट कमान्तर गरी वडाको सिफारिसभा प्राविधिकको लागत इष्टिमेट बमोजिम भगवती मार्ग, संगम मार्ग, ओमशान्ति मार्ग, वि.पि. मार्ग, दीर्घायु मार्ग स्तरोन्नती गर्ने गरी योजना संचालनका लागि अनुमति दिने सम्वन्धमा

(ज) वडा नं. ७ को सि.नं. ३१२ हरित सडक निर्माणको लागि विनियोजित रकम रु, ५० हजार अपाङग/विपन्न परिवारको घर निर्माण गर्ने गरी रकमान्तर गर्ने

३, देवचुली महोत्सव संचालन गर्ने सम्वन्धमा ।

४, साविक स्थानीय निकायका कर्मचारीहरुको स्तरबृद्धि गरी कामकाजमा लगाउने सम्वन्धमा ।

५, वडा नं. ९ को सडक कालोपत्रे कार्यको भेरिएशन अडर स्वीकृत गर्ने सम्वन्धमा ।

६, चालु महोत्सव संचालनका लागि उद्योग वाणिज्यसंघलाइ अनुदान रकम उपलव्ध गराउने सम्वन्धमा ।

७, निर्वाचन आचार संहिता पालना गर्ने सम्वन्धमा ।

८, खानेपानी ओभरहेड टंकी र नगरपालिकाको प्रशासकीय भवन उद्घाटन गर्ने सम्वन्धमा ।

Scanned with CamScanner

मिति २०७८।१२।६ गतेको ८८ औं नगर कार्यपालिकाको बैठकमा छलफल गरी निर्णय भएका विषयहरु

निर्णय नं. १,

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस अधिको ८७ औं नगर कार्यपालिकाबाट भएका निर्णय कार्यान्वयनका सम्वन्धमा समीक्षा गरियो । नगर प्रमुखको आदेशानुसार भुक्तानी भएका विभिन्न रकमहरु समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं. २,

प्रस्ताव नं. २ उपर छलफल गर्दा नगर सभाबाट स्वीकृत भएका निम्नानुसारका योजना/कार्यक्रमहरु सम्वन्धित वडा समितिबाट निर्णय भई रकमान्तरका लागि माग भइ आएकोले माग बमोजिम आगामी नगर सभाबाट समर्थन हुने गरी रकमान्तर गरी योजना/कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

(क) वडा नं. १७ को सि.नं. ५१९ किशोरी शसक्तिकरण कार्यक्रम रु १ लाख ५० हजार, सिनं. ५४६ को छिपेनी गुठी टांडी सिंचाइको रु, ३ लाख समेत जम्मा रु, ४ लाख ५० हजार रुपैया वरचुली मा.वि.को वस खरिदका लागि रकमान्तर गर्ने ।

(ख) वडा नं. १७ को सि.नं. ५२२ को महिला हिंसा तथा वाल विवाह सचेतना कार्यक्रमको रु,१ लाख, सि.नं. ५१८ को आमा समुह कुशन कार्पेट वितरणमा थपगरी रु, २ लाख कायम गर्ने ।

(ग) वडा नं. ८ को सि.नं. ३४० टोक्रे नहर २ ममर्तका लागि विनियोजन रकम रु, ५० हजार सि.नं. ३२७ को कृषिमा अनुदान स्वरुप हाते टेक्टरको रु, १ लाख र भूत पोखरी पार्क निर्माणको रु, ५० हजार समेत जम्मा रु, २ लाख प्र. म. रोजगार कार्यक्रममा समपुरक गर्ने ।

(घ) वडा नं. १३ को सि.नं. १३८ मा विनियोजित कवडहल निर्माणका लागि विनियोजित रकम रु, २ लाखबाट खेलकुद ग्राउण्ड व्याड म्याण्टिन कोड निर्माण गर्ने सम्वन्धमा ।

(ङ) वडा नं. १३ को सि.नं. ४४३ मा विनियोजित विपद व्यवस्थापन कोषको रकम रु, ७ लाख ५० हजार मध्येबाट बीउ विजन वितरण कार्यक्रमको लागि रु, ५० हजार रुपैया विनियोजन गर्ने ।

(च) वडा नं. १३ को सि.नं. ४४३ मा विनियोजित विपद व्यवस्थापन कोषको रकम रु, ७ लाख ५० हजार मध्येबाट वडा कार्यालय संरक्षणको लागि बौलाहा खोला तटवन्धन र वडा कार्यालय जाने बाटो ग्राभेल गर्ने कार्यक्रमको लागि रु, २ लाख रुपैया विनियोजन गर्ने ।

(छ) वडा नं. १३ को सि.नं. ४४३ मा विनियोजित विपद व्यवस्थापन कोषको रकम रु, ७ लाख ५० हजार मध्येबाट सुनौला हजार दिनका आमाहरुलाइ पोषण कार्यक्रमको लागि रु, ५० हजार रुपैया विनियोजन गर्ने

(ज) वडा नं. १३ को सि.नं. ४४३ मा विनियोजित विपद व्यवस्थापन कोषको रकम रु, ७ लाख ५० हजार मध्येबाट बेलचौतरा स्यालो ट्युबवेल विद्युतमिटर घर निर्माण कार्यको लागि रु, ५० हजार रुपैया विनियोजन गर्ने

गोविन्द सिग्देल
प्रशासकीय अधिकृत

पूर्णकुमार
नगर प्रमुख

Scanned with CamScanner

(झ) वडा नं. १३ को सि.नं. ४४३ मा विनियोजित विपद व्यवस्थापन कोषको रकम रु, ७ लाख ५० हजार मध्येबाट बगुईखोला अति जोखिम क्षेत्र तटवन्धन गर्ने कार्यको लागि रु, १ लाख रुपैया विनियोजन गर्ने

(ञ) वडा नं. १३ को सि.नं. ४४३ मा विनियोजित विपद व्यवस्थापन कोषको रकम रु, ७ लाख ५० हजार मध्येबाट वडा कार्यालय परिसरमा सवारी साधन पार्किङको लागि टहरो निर्माण कार्यको लागि रु, ५० हजार रुपैया विनियोजन गर्ने

(ट) वडा नं. १३ को सि.नं. ४४३ मा विनियोजित विपद व्यवस्थापन कोषको रकम रु, ७ लाख ५० हजार मध्येबाट बोटेटोलको सामाजिक भवनमा टिनको छाना लगाउने कार्यको लागि रु,१ लाख ५० हजार रुपैया विनियोजन गर्ने

(ठ) वडा नं. ३ को सि.नं. १९२ डीप वोरिङ निर्माण कार्यका लागि विनियोजित रकम रु, २५ लाख रुपैया रकमान्तर गरी डीपटयूववेल वरिपरि साइड वाल २ लाख, बौलाहा खोला तटवन्ध १३ लाख, वडा भित्रको विभिन्न सडक कालोपत्रे मर्मत ७ लाख, प्रथमिक स्वास्थ्यकेन्द्र मार्ग स्तरोन्नती ३ लाख रकमान्तर गरी योजना संचालनका लागि अनुमती दिने ।

(ड) वडा नं. ७ को सि.नं. ३१२ हरित सडक निर्माणको लागि विनियोजित रकम रु, ५० हजार अपाङग/विपन्न परिवारको घर निर्माण गर्ने गरी रकमान्तर गर्ने

(ढ) वडा नं. १५ को नवौं नगरसभाबाट विनियोजित पशुपति रिङरोड निर्माणको विनियोजित रु, १० लाख बाट रकमान्तर गरी वडाको सिफारिसमा प्राविधिकको लागत इष्टिमेट बमोजिम भगवती मार्ग, संगम मार्ग, ओमशान्ति मार्ग, वि.पि. मार्ग, दीर्घायु मार्ग स्तरोन्नती गर्ने गरी योजना संचालनका लागि अनुमति दिने ।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा विगत वर्ष देखि नगरपालिका क्षेत्रको उद्योग,व्यपार व्यवसाय, खेल-मनोरंजन, धार्मिक तथा सांस्कृतिक प्रवर्धन जस्ता विविध विषयमा नगरको पहिचान खुलाई प्रचार प्रशारका लागि एक वर्षमा एक पटक मात्र देवचुली महोत्सव संचालन गरिने परिपाटी रहेकोमा यस वर्ष देवचुली महोत्सब संचालनका लागि विभिन्न युथ कल्वहरु समेतले निवेदन दिइ एक वर्षमा एक भन्दा वढी स्थानहरुमा महोत्सव संचालनका लागि सिफारिस माग भइ आएको र जिल्ला प्रशासन कार्यलय समेतले शान्ति सुरक्षा कायम राख्न कठिनाइ हुने व्यहोरा जनाइ एक उपयुक्त स्थानमा मात्र महोत्सव संचालनका लागि प्रस्ताव गरेअनुसार आगामी वर्ष देखि राजमार्ग तथा सार्वजनिक विद्यालय भन्दा कम्तीमा २०० मिटर टाढाको दुरी बाहिर देवचुली उद्योग वाणिज्य संघको सिफारिसमा मात्र औद्योगिक महोत्सव संचालनका लागि सम्वन्धित निकायमा सिफारिस गरी पठाउने व्यवस्था कायम गर्ने निर्णय गरियो ।

गोविन्द रिमदेल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

## निर्णय नं. ४,

प्रस्ताव नं. ४ उपर छलफल गर्दा साविक स्थानीय निकायबाट स्थायी नियुक्ति लिएका तपसिलमा उल्लेखित कर्मचारीहरुलाइ "देवचुली नगरपालिकामा कार्यरत साविक स्थानीय निकायले नियुक्ति गरेका स्थायी कर्मचारीहरुको तह/स्तरबृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको परिमार्जित ऐन २०७८" को दफा ७ अनुसार अंक प्राप्त गरेका निम्नानुसारका स्थानीय निकायका कर्मचारी हरुलाइ सोही ऐनको दफा ८ को समितिको सिफारिस बमोजिम दफा ९ को प्रयोजनको लागि सूचना प्रकाशित गरी प्रकाशित नामावली उपर कोही कसैको उजुरी परी दाबी विरोध भएको अवस्थामा बाहेक सोही ऐनको दफा १० मा व्यवस्था भए अनुसार स्तरबृद्धि गरी कामकाज लगाउन निर्देशन दिने निर्णय गरियो ।

| सि. नं. | कर्मचारीको नाम थर | साविकको पद/तह | सेवा/समूह | हाल स्तरबृद्धि हुने स्तर |
|---|---|---|---|---|
| १ | श्री टिकाराम बस्याल | इन्जिनियर/ छैटौं | इन्जिनियरिङ/सिभिल | इन्जिनियर/सिभिल/अधिकृत सातौं |
| २ | श्री अविनास पन्थी | अधिकृत छैटौं | प्रशासन/सामान्य प्रशासन | प्रशासन/सामान्य प्रशासन अधिकृत सातौं |
| ३ | श्री संगीता पौडेल सापकोटा | सहायक पांचौ | प्रशासन/सामान्य प्रशासन | प्रशासन/सामान्य प्रशासन अधिकृत छैटौं |
| ४ | श्री दुर्गा प्रसाद महतो | सहायक चौथो | प्रशासन/सामान्य प्रशासन | प्रशासन/सामान्य प्रशासन सहायक स्तर पांचौं |
| ५ | श्री गंगा भूसाल | सहायक चौथो | प्रशासन/सामान्य प्रशासन | प्रशासन/सामान्य प्रशासन सहायक स्तर पांचौं |
| ६ | श्री रविन्द्र पौडेल | सहायक चौथो | प्रशासन/सामान्य प्रशासन | प्रशासन/सामान्य प्रशासन सहायक स्तर पांचौं |
| ७ | श्री खेमराज गौतम | अमिन/ स.चौथो | इन्जिनियरिङ/सर्भे | इन्जिनियरिङ /सर्भे/सहायक स्तर पांचौ |

## निर्णय नं. ५,

प्रस्ताव नं. ५ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकारबाट शसर्त अनुदान रकमबाट निर्माण भएको देवचुली वडा नं. ९ को लोकाहा खोला पूर्व देखि खनियाचोक हुदै पिकनिक स्पोर्ट जानेबाटो स्थानीय समूदायको माग बमोजिम साविक स्वीकृत ल.ई.परिवर्तन गरी कालोपत्रे सडकको थप काम गर्नुपर्ने देखिएको कारण भेरिएशन अडरका लागि माग भइ आए अनुसार वडा कार्यालयबाट विनियोजन भएको रकम समेत समावेश गरी नपूग हुन आउने रकम चालु आ.व. को सि.नं १९० मा व्यवस्था भएको बजेट शीर्षकबाट व्ययभार हुने गरी देवचुली नगरपालिकाको सार्वजनिक खरिद नियमावलीको नियम १२७ मा व्यवस्था भए अनुसार भेरिएशन अडर स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६,

प्रस्ताव नं. ६ उपर छलफल गर्दा देवचुली उद्योग वाणिज्यसंघको अनुरोधमा उक्त संघको भवन कम्पाउण्ड/घेरवार कार्यमा सहयोग स्वरुप चालु आ.व. को बजेट कार्यक्रम सि.नं. १९० खर्च शीर्षकबाट व्ययभार हुने गरी रु, २ लाख उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

## निर्णय नं. ७,

प्रस्ताव नं. ७ उपर छलफल गर्दा आगामी वैसाख ३० गते हुने स्थानीय तहको निर्वाचन निष्पक्ष रुपले सम्पन्न गर्नका लागि निर्वाचन आयोगबाट जारी भएको निर्वाचन आचार संहिता आ-आफ्नो तहबाट पालना गर्ने/गराउने निर्णय गरियो ।

## निर्णय नं. ८,

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस नगरपालिका कार्यालयबाट निर्माण भएको प्रगतिनगर खानेपानी ओभरहेड टंकी र देवचुली नगरपालिकाको प्रशासकीय भवन समुद्घाटनको गर्ने आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner